नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
केन्द्रीय कार्यालय
नास्ट

प.सं.च.नं. ......४५८...... ०७२/०७३

वैशाख १०, २०७३

श्री अर्थ मन्त्रालय
सिंहदरबार
काठमाडौं ।

विषयः वृत्तिहरुका लागि प्रकाशित सूचना पठाइएको बारे ।

यस प्रज्ञा प्रतिष्ठानबाट चालु आर्थिक वर्षमा प्रदान गरिने विभिन्न वृत्तिहरु बारे प्रकाशित सूचनाको छायाप्रति आवश्यक जानकारीका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

उपरोक्त वृत्तिहरु, अनुदान र विशेष प्रतिभा प्रवर्द्धन सहयोग कार्यक्रमका लागि उपयुक्त उम्मेदबारहरु भएमा मनोनयन/सिफारिस गरी पठाई दिनुहुन समेत अनुरोध गर्दछु ।

रमिला राउत

रमिला राउत
प्रमुख
प्रवर्द्धन तथा प्रचार महाशाखा

# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नास्ट)

नास्ट

**विद्यावारिधी शोधवृत्ति र छात्रवृत्ति, अनुसन्धानवृत्ति, अनुसन्धान अनुदान र विशेष प्रतिभा प्रवर्द्धन कार्यक्रमका लागि**

## प्रस्ताव आव्हान

यस प्रज्ञा प्रतिष्ठानबाट आ.व. २०७२/२०७३ मा प्रदान गरिने निम्न वृत्तिहरु र अनुदानका लागि योग्य नेपाली उम्मेदवारबाट प्रस्ताव आव्हान गरिएको छ।

### १. विद्यावारिधी शोधवृत्ति (PhD Fellowship)

नेपालको विश्वविद्यालयमा रही विद्यावारिधी गर्न नाम दर्ता गराएका वा दर्ताको प्रक्रियामा रहेका इच्छुक प्रतिभाशाली उम्मेदवारलाई बढीमा तीन वर्षसम्मको लागि यो शोधवृत्ति प्रदान गरिनेछ।

### २. विद्यावारिधी छात्रवृत्ति (PhD Fellowship)

प्रज्ञा प्रतिष्ठान-विश्वविद्यालय संयुक्त विद्यावारिधी कार्यक्रम नास्टमा पूर्णकालीनरुपमा विद्यावारिधीका लागि अनुसन्धान गराइनेछ। शोधकर्ताको दर्ता प्रज्ञा प्रतिष्ठानसंग सम्झौता भएका विश्वविद्यालयमा हुनेछ।

### ३. अनुसन्धान अनुदान (Research Grant)

यस अनुदानका लागि व्यक्तिगत, विभागीय वा संस्थागत निकायहरुबाट आवेदन दिन सकिनेछ। अनुसन्धान प्रस्ताव अधिकतम एक वर्षभित्र सम्पन्न हुने नतिजामुखी हुनु पर्नेछ। आवेदकको न्यूनतम योग्यता: PhD, MSc/ME गरेको हुनु पर्नेछ।

### ४. अनुसन्धानवृत्ति तथा सहायक अनुसन्धानवृत्ति (Fellowship and Assistantship

#### (क) Research Fellowship

विद्यावारिधी गरेका युवा वैज्ञानिकहरुले पूर्णकालीनरुपमा नास्टमा रही एक वर्षका लागि अनुसन्धान गर्न प्रदान गरिने यस वृत्तिका लागि आफूले गर्ने अनुसन्धानको प्रस्ताव सहित आवेदन दिनु पर्नेछ।

#### (ख) Assistant Research Fellowship

अनुसन्धानमा गहिरो अभिरुची भएका स्नातकोत्तर (MSc) तह प्रथम श्रेणीमा उत्तीर्ण भई अनुसन्धानको अनुभव भएका युवा प्रतिभाहरुलाई पूर्णकालीनरुपमा प्रज्ञा-प्रतिष्ठानमा रही एक वर्षसम्म प्रदान गरिने यस वृत्तिका लागि दरखास्त आव्हान गरिन्छ।

#### (ग) Research Assistantship

विज्ञानमा स्नातकोत्तर (MSc) वा इन्जिनियरिङ्गमा स्नातक (BE) तह उत्तीर्ण गरेका यस प्रज्ञा-प्रतिष्ठानको प्रयोगशालामा अनुसन्धान गर्न इच्छुक युवाहरुबाट दरखास्त आव्हान गरिन्छ।

### ५. विशेष प्रतिभा प्रवर्द्धन कार्यक्रम

विज्ञान तथा प्रविधिको विकासमा आफ्नो क्षमता देखाई उल्लेखनीय उपलब्धी हासिल गरेका क्रियाशील प्रतिभावान् अन्वेषकहरु जो विज्ञान तथा प्रविधिको क्षेत्रमा औपचारिक शैक्षिक योग्यता हासिल नगरेका र औपचारिक शिक्षाबाट वञ्चित फरक क्षमता भएका व्यक्तिहरुको प्रतिभा प्रवर्द्धन गर्न सञ्चालित कार्यक्रमबाट लाभान्वित हुन प्रस्ताव आव्हान गरिन्छ।

### अनुसन्धान प्रस्ताव फाराममा हुनु पर्ने विवरण:

**अनुसन्धान प्रस्ताव फारामको साथमा नागरिकता, शैक्षिक योग्यताको प्रमाण–पत्रको प्रतिलिपि, प्रकाशित कृति वा आविष्कारहरुको विवरण, आफ्नो क्षेत्रमा पुऱ्याएको योगदान तथा मूल्याङ्कनमा सघाउ पुग्न सक्ने सम्बन्धित अन्य विवरणहरु स्पष्ट उल्लेख भएको वैयक्तिक विवरण, अनुसन्धान प्रस्ताव र Abstract को एक/एक प्रति संलग्न हुनु पर्नेछ।**

**सम्बन्धित कार्यालयका विभागीय प्रमुख, प्राध्यापक, संघ/संस्थान तथा सोसाइटीका वैज्ञानिक प्राविधिक तथा सो सरहका वैज्ञानिक तथा प्राविधिज्ञहरुको सिफारिस गराउनु पर्ने छ। यसरी सिफारिस गरी पठाउँदा एक अनुसन्धानकर्तालाई एक अनुसन्धान प्रस्तावका लागि मात्र सिफारिस गर्नु पर्नेछ।**

**उपर्युक्त वृत्तिहरु बजेटको उपलब्धता अनुसार प्रदान गरिनेछ।**

**आवेदन दिने अन्तिम मिति २०७३ जेष्ठ १० भित्र (कार्यालय समय)**

**आवेदन फाराम नास्ट तथा नास्टको वेभसाइट www.nast.gov.np बाट प्राप्त गर्न सकिने छ।**

**विस्तृत जानकारीको लागि**

**फोन नं. ५५४७७१७, ५५४७७१४, खुमलटार, ललितपुरमा सम्पर्क गर्न सकिनेछ।**